# मुगुम कार्मारोङ गाउँसभाको चौंथो गाउँसभा बैठकमा २०७८ साल आषाढ १० गते बिहिबार

## उपाध्यक्ष श्री छिरिंग तामाङले

## प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को

# बजेट बक्तब्य

मुगुम कार्मारोङ गाउँपालिका

पुल, मुगु

२०७८

श्रीमान सभाध्यक्ष ज्यु
प्रमुख अतिथि ज्यु
सम्पूर्ण अथिति ज्युहरु
गाउँसभाका सदस्य ज्यु हरु
गाउँसभाका सचिब ज्यु
गाउँपालिकामा कार्यारतसम्पूर्ण रास्ट्रसेवक कर्मचारी मित्र हरु , पत्रकार मित्रहरु, सुरक्षाकर्मी लगायत सम्पूर्ण उपस्थित महानुभाव हरु,

सर्वप्रथम संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो स्थानीय चुनावबाट निर्वाचित गराई ५ वर्ष यहाँ हरुको सेवा गर्ने अबसर दिलाउने सम्पूर्ण मुगुम कार्मारोङ बासी प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। लोकतान्त्रिक प्रक्रिया र संबैधानिक व्यवस्था अनुरुप गाउँपालिकाको उपाध्यक्षको हैसियतमा अन्तिम पटक यस सम्मानित सभामा वार्षिक बजेट तथा आय/व्ययको विवरण प्रस्तुत गर्न गईरहेकी छु। यो बीचमा हामीलाई व्यक्तिगत तथा संस्थागतरुपमा सहयोग तथा मार्गदर्शन गर्ने सबै प्रति सदा ऋणी रहने छु। राज्य पुनर्संरचना पछिको पहिलो कार्यकाल, सिमित जनशक्ति र श्रोत तथा नयाँ अभ्यास र अनुभवका कारण कार्यसम्पादनको क्रममा भएका कमिकमजोरीका लागि क्षमा चाहन्छु र आगामी दिनमा सबै कमजोरी हरु सुधार्दै सदा यहाँ हरुको सेवामा समर्पित हुने प्रतिवद्धता पनि व्यक्त गर्न चाहन्छु।

कोभीड-१९ को विश्वब्यापी महामारी बाट संक्रमित भएका सम्पूर्ण गाउँपालिका वासी दाजुभाई दीदीबहिनि हरुलाई सिघ्र स्वास्थ्य लाभको कामना सहित दिवंगत हुनु भएका प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु। साथै महामारी बाट बच्न सबैलाइ आवश्यक सुरक्षा मापदण्ड हरु पालना गर्न हुन विनम्र अनुरोध गर्न चाहन्छु। संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि पहिलो निर्वाचित स्थानीय सरकारका पदाधिकारीको रुपमा काम गर्दा जनअपेक्षा अनुसार पर्याप्त कार्य गर्न नसकिएको महशुस भएको छ। विद्यमान जटिलता हरुका बीच पनि गाउँपालिकाको समृद्धी र विकासको दिर्घकालिन लक्ष्य हाँसिल गर्नका लागि आफ्नो भूमिका इमान्दारीता पुर्वक र कर्तब्यनिष्ठ भई निर्वाह गर्ने सम्पूर्ण जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी हरुलाई धन्यवाद दिन चाहन्छु।
वदलिदो परिवेश र जनचाहना अनुसारको योजना तथा कार्यक्रम तर्जुमा गर्न महत्वपुर्ण राय सल्लाह उपलब्ध गराउने सबै राजनीतिक दल हरु, नागरिक समाज र गैर-सरकारी साझेदार संस्थाहरु समेत लाइ विषेश आभार व्यक्त गर्न चाहान्छु। साथै बजेट तथा कार्यक्रमतर्जुमा गर्न अहोरात्र खटिने सम्पूर्ण जनप्रतिनिधी र कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

## १. हालसम्म का प्रमुख उपलब्धि हरु

गाउँपालिकाको स्थापना र हामी निर्वाचित भए पश्चात भएका केहि उपलब्धिहरु नीति तथा कार्यक्रममा समाविष्ट भै सकेका छन। यस बाहेकका केहि अन्य उपलब्धि हरु पनि संक्षेपमा राख्न गईरहेकी छु। गाउँपालिका र संघीयसरकारको लागत साझेदारीमा लुम्सखोलामा निर्माण भएको फलामेपुलले गतबर्ष बाट आवतजावतमा सहज भएको हामी सबैमाझ सर्वविविदैछ।

आ.व ०७६/०७७ मा गाउँपालिका र यु.एम.एन मुगुको साझेदारीमा स्थानीय खाद्यान्नको प्रवर्द्धन र व्यवसायीकरण तथा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्दन लागि संचालित होम स्टे सम्बन्धि तालिमको परिणाम स्वरूप हाल गा.पाको मांग्री, ढुंगेधारा लगायतका वस्तीहरुमा संचालित होमस्टेहरु मार्फत समुदायले सेवा दिईरहेका छन| साथै गत आ.व बाट गाउँपालिका भित्रका विभिन्न ठाउँहरुमा संचालित विभिन्न व्यवसाय हरुको दर्ता प्रकृया अगाढी बढाई सबै लाई करको दायरामा ल्याईएको छ | महिला तथा लक्षित वर्गको शसक्तिकरण का लागि हरेक आ.व मा विभिन्न क्षमता विकाशका कार्यक्रम हरु संचालन गरिएका छन |

कठिन भूगोल र कर्णाली नदिका कारण बर्षेनी बाढीपहिरोका कारण हुने क्षतीको न्यूनीकरणका लागि आ.व २०७४/०७५ बाटै निरन्तर रुपमा विभिन्न जोखिमयुक्त ठाँऊ र बस्ति हरुको सुरक्षार्थ तटवन्धन तथा बृक्षारोपणका कार्यक्रम तथा आयोजना हरु संचालित हुँदै आएका छन | आकष्मिक रुपमा आईपर्ने विपत्त प्रतिकार्यका लागी गाउँपालिका स्तरीय विपत्त व्यवस्थापन कोष खडागरीविपत्तमा परेका गाउँपालिका वासीलाई राहत तथा पुनर्स्थापनाका कार्यहरु हरेक आ.वमा संचालन गरिदै आयकोछ|
गाउँपालिका स्थापनाको प्रारम्भिक चरणमा आवश्यक जनशक्ति र संस्थागत संरचनाको अभावले सेवा प्रवाह प्रभावित भयो नै, तर पछिल्ला २ आ.वमा हामी सबैको सामुहिक प्रयासमा गाउँपालिका लगायत सम्पूर्ण वडा र विषयगत शाखा हरुमा रहेको जनशक्ति अभाव केहि हद सम्म सम्वोधन भई सेवा प्रवाह मा उल्लेख्य सुधार भएको छ | साथै हाल रिक्त रहेका दरवन्दी पूर्तिको लागि आगामी आ.व मै आवश्यक पहल गरिने छ |गाउँपालिकाको कार्यालयमा इन्टरनेट सेवामा सुधार गरी डिजिटल नोटिस बोर्ड को स्थापना गरि सुचना प्रवाह गरिदै आएकोछ | सेवा प्रवाह लाई थप प्रभावकारी बनाउन शिक्षामा आई.ई.एम.आई.एस , लेखामा सुत्र, स्टोरमा प्याम्स, स्वास्थ्यमा एच.आई.एम.एस लगाएतका विधुतीय एकिकृत सुचना प्रणालीहरु मार्फत सेवा प्रवाह गरिएको छ, भने योजना शाखाको सेवा प्रवाह लाई पनि प्रभावकारी बनाउन छुट्टै विधुतीय एकीकृत सुचना प्रणाली विकासको काम पनि अन्तिम चरणमा छ |

**२. सोच, लक्ष, उदेश्य र अपेक्षित उपलब्धि हरु**

**दिर्घकालिन सोच :-** "बहुमूल्य जडीबुटी, अर्गानिक खेति, तामाखानी, छायाँक्षेत्र, पर्यटन पूर्वाधारसमृद् समुन्नत मुगुम कार्मारोंगका आधार।

लक्ष्य :- विषम भौगोलिक विकटता होइन बिराट सम्भावना को गाउँपालिका बनाउने।

उदेश्य :- प्रभावकारी सेवा प्रवाह, आर्थिक र शैक्षिक समुन्नती र स्थानीय सुशासन नै हाम्रो उदेश्य।

३. आ.व ०७८/०७९ का अपेक्षित केहि मुख्य उपलब्धि हरु

- ✓ गमगढी नाक्चेलाक्ना सडकको मांग्री-पुलु खण्ड सडकको विस्तार कार्य प्रारम्भ भएको हुनेछ |
- ✓ निर्माणाधिन छायल-मह-ढुंगेधारा सडक यथासिघ्र सम्पन्न भएको हुनेछ |
- ✓ रिउस बगरमा निर्माणाधिन १० सैयाको अस्पताल को निर्माण कार्य सम्पन्न भएको हुने छ |
- ✓ आवाशीय विद्यालयमा आगामी शैक्षिकसत्र बाट थप ८६ जना विधार्थीहरुले आवासीय सुबिधा सहितको अध्ययनको अवसर प्राप्त गरेका हुने छन |
- ✓ गाउँपालिकाको वडा नं ८ मा संचालित श्री बुद्ध मा.वि मांग्रीमा आगामी आ.व बाट नमुना विद्यालयको निर्माण कार्य प्रारम्भ भई प्राविधिक धार तर्फ कक्षा ११ को पठनपाठन सुरु भएको हुने छ |

✓ च्यांग्रा श्रोत केन्द्रले व्यवसायिक रुपमा च्यांग्रा उत्पादन गर्न थालेको हुने छ।

**४. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा आधार हरु :**

**क) समग्र नीति तथा आधारहरु :-**बजेट तथा कार्यक्रम हरु तर्जुमा गर्न तय गरिएका राज्यका विभिन्न निर्देशक सिद्धान्त हरु , नेपालको संबिधान २०७२ ले ब्यबस्था गरेको नागरिकको मौलिक हक, हाम्रो विषेस भौगोलिक र सांस्कृतिक अबस्था, गरिबी न्युनिकरण, दिगो विकासको लक्ष्य,पन्धौं आवधिक योजना, आर्थिक तथा वित्तीय आत्मनिर्भरता जस्ता विद्यमान राष्ट्रियतथा अन्तरराष्ट्रिय नीति हरु मा केन्द्रित रही गरिएको छ।

**ख) क्षेत्रगत नीति तथा आधारहरु :-**

**१) आर्थिक क्षेत्र:-** उत्पादन, रोजगारी, व्यवसाय पवर्द्धन , सहकारी विकास, गरिवी निवारण

**२) सामाजिक विकास :-** अनिवार्य तथा नि:शुल्क शिक्षा, समावेशी विकास, महिला तथा लक्षित वर्ग शसक्तिकरण, स्वास्थ्य सेवामा सबै को समान पहुँच , अपाङ्ग मैत्री सेवा, स्वस्थ खानेपानि तथा सरसफाई, तथा जनचेतना।

**३) पूर्वाधार क्षेत्र:-** यातायात संरचना निर्माण तथा विस्तार, जलविधुत, स्वास्थ्य तथा शिक्षा संरचना निर्माण र सेवा विस्तार, सार्वजनिक भवन निर्माण, ग्रामिण बाटो सुधार, अन्य सार्वजनिक निर्माण , शुद्ध खानेपानी संरचना निर्माण।

**४) वन वातावरण तथा विपत् व्यवस्थापन :-** बातावरण मैत्री विकास, जलवायु परिवर्तन अनुकुलन, तटवन्धन, विपत् प्रतिकार्य योजना निर्माण, विपत् व्यवस्थापन कोष।

**५) संस्थागत विकास, सेवा प्रवाह र सुशासन :-** आवश्यक कानुन निर्माण,मानव संशाधन आपूर्ति तथा विकास, विधुतीय सुचना प्रणाली विस्तार, प्रत्येक वडा मा इन्टरनेट सेवा विस्तार, सार्वजनिक सुनुवाई, आन्तरिक तथा बाह्य लेखा परिक्षण।

श्रीमान सभाध्यक्ष ज्यु ,

आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि संघीय सरकारबाट सशर्त अनुदान तर्फ रु. १६ करोड ४७ लाख,वित्तीय समानीकरण अनुदान तर्फ रु ६ करोड ९९ लाख र राजस्व बाँडफाड तर्फ रु ६करोड १६ लाख ७२ हजार समेत गरि जम्मा रु. २९ करोड ६२ लाख ७२ हजारप्राप्त हुने छ। साथै कर्णाली प्रदेश सरकार बाट राजस्व बाँडफाड तर्फ रु. २ लाख, वित्तीय समानीकरण तर्फ रु. ५८ लाख ४४ हजार, विशेष अनुदान तर्फ रु. ३५ लाख, समपुरक अनुदान तर्फ रु. १ करोड १० लाख र शसर्त अनुदान तर्फ रु. ८३ लाख ६८ हजार समेत गरि २ करोड ८९ लाख १२ हजार प्राप्त हुनेछ, यसै गरि युनिसेफ मार्फत विभिन्न कार्यक्रम संचालनको लागि रु. २७ लाख प्राप्तहुने अनुमान गरिएको छ। यस गाउँपालिकाको आन्तरिक श्रोतबाट आगामी आर्थिक वर्ष ०७८/०७९ मा जम्मा रु. १५लाख प्राप्त हुने अनुमान गरिएको छ।त्यसैगरि चालु आ.व २०७७/०७८ को बाँकी बैंक मौज्दात हुने अनुमानित रकम रु १ करोड हुने अनुमान गरेकीछु। आर्थिकवर्ष ०७८/०७९ मा यस गाउँपालिकामा संघीय सरकार, प्रदेश सरकार, गाउँपालिकाको आन्तरिक श्रोत, युनीसेफ र चालु आ.व को बैंक मौज्दात समेतगरि रु.३३ करोड ९३ लाख ८४ हजार आम्दानी हुने अनुमान गरिएको छ।

श्रीमान सभाध्यक्ष ज्यु,

अब म आ. व २०७८/०७९ को अनुमानित आय र ब्यायको विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु।

(रु. हजारमा)

| सी.नं | आम्दानीको विवरण | रकम | सी. नं | स्वीकृत खर्च शिर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | संघीय वित्तीय समानिकरण | ६९९००००० | १ | चालु खर्च | ६१८७२००० |
| २ | प्रदेश वित्तीय समानीकरण | ५८४४००० | २ | विषयगत शाखा पुँजीगत समानीकरण | २२०३०००० |
| ३ | संघीय राजस्व बाँडफांड | ६१६७२००० | ३ | वडा कार्यालय तर्फ सार्वजनिक निर्माण | ३०९५८००० |
| ४ | प्रदेश राजस्व बाँडफांड | २००००० | ४ | विषयगत शाखा पुँजीगत शसर्त | २४७००००० |
| ५ | प्रदेश सशर्त अनुदान | ८३६८००० | ५ | विषयगत शाखा चालुखर्च शसर्त | १४८३६८००० |
| ६ | प्रदेश विशेस अनुदान | ३५००००० | ६ | गा.पा बाट संचालित सार्वजनिक निर्माण | ५१४५६००० |
| ७ | प्रदेश समपुरक अनुदान | ११०००००० | | | |
| ८ | संघीय शसर्त | १६४७००००० | | | |
| ९ | युनिसेफ | २७००००० | | | |
| १० | अ. ल्या | १०००००० | | | |
| ११ | आन्तरिक राजस्व | १५००००० | | | |
| | जम्मा आम्दानि | ३३९३८४००० | | जम्मा व्याय | ३३९३८४००० |

सभाध्यक्ष ज्यु
अब म आगामी आर्थिक वर्ष ०७८/०८९ को लागि निम्नानुसार विषयगत क्षेत्रमा अनुमानित खर्च हुने विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

(रु.हजारमा)

| क्र.सं | विषयगत शिर्षक | विनियोजित रकम |
|---|---|---|
| १. | शिक्षा (सशर्त र समानीकरण अनुदान समेत) | ८९५७८००० |
| २ | स्वास्थ (सशर्त र समानीकरण अनुदान समेत) | ३५३४३००० |
| ३ | कृषि (सशर्त र समानीकरण अनुदान समेत) | ४५००००० |
| ४ | पशु (सशर्त र समानीकरण अनुदान समेत) | ३९२००००० |
| ५ | प्रधानमन्त्री रोजगार (सशर्त अनुदान) | ५४७७००० |
| ६ | उर्जा (सशर्त अनुदान) | १२००००० |
| ७ | जलवायु परिवर्तन (सशर्त) | १५०००००० |
| ८ | युवा तथा खेलकुद (सशर्त अनुदान) | ४५००००० |
| ९ | राष्ट्रिय परिचय तथा पन्जिकरण (सशर्त) | २००५००० |
| १० | उद्यमविकास (सशर्त) | ३७७५००० |
| ११ | बहु क्षेत्रीय पोषण (समनिकरण /सशर्त) | ३१७०००० |
| १२ | सुरक्षित आवास व्यवस्था (सशर्त) | २४००००० |
| १३ | कर्णाली प्रदेश सरकार (सशर्त अनुदान) | ८३६८००० |
| १३ | सबै वडा कार्यालयहरु बाट संचालित सार्वजनिक निर्माण खर्च तथा अन्य विविध पुँजीगत खर्च (समानीकरण अनुदान) | १०९५८००० |
| १४ | गाउँपालिकाबाट संचालित सार्वजनिक निर्माण खर्च तथा अन्य विविध पुँजीगत खर्च (समानीकरण अनुदान र आन्तरिक श्रोत समेत) | ५१४५६००० |
| १५ | चालु खर्च तर्फ (राजस्व बाँडफाड बाट प्राप्त रकम र आन्तरिक श्रोत समेत ) | ६१८७२००० |
|  | जम्मा | ३३९३८४००० |

सभाध्यक्ष ज्यु ,
अन्तमा आ.व २०७८/०७९ को बजेट कार्यान्वनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु साथै गाउँपालिका भित्र रहनु भएका सबै गाउँपालिकाबासि जनता लाइ सबल, समृद्ध र न्यायपूर्ण तथा विकसित गाउँपालिका निर्माणको यस महान यात्रामा सहभागी हुन र सहयोग गर्न हुन हार्दिक आह्वान गर्दछु।
धन्यवाद।

छिरिङ तामाङ
उपाध्यक्ष